अनुसूची-२

(दफा ४ तथा अनुसूची -१ को भाग-२ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-९, संख्या-९, मिति - २०८२/०८/०५**

**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## "बच्चा जोखौः नुन बोकौ" कार्यक्रम संचालन सम्बन्धी कार्यविधि-२०८२

**प्रस्तावनाः**

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच हुनुपर्ने कुरालाई मौलिक हकको रुपमा प्रत्याभूत गरेकोले गुणस्तरीय स्वास्थ्य तथा पोषण प्रवर्द्धन गर्न मोदी गाउँपालिका भित्र रहेका जन्मे देखी २(दुई) बर्षसम्मका बालबालिकाहरुको पोषण स्थितिमा सकारात्मक सुधार ल्याउन, आमा र बच्चालाइ स्वस्थ राख्न, तोकिएको उमेर भित्रका बालबालिकाहरुको तौल अनुगमन पटकमा बृद्धी गर्न, कुपोषित बच्चाहरको समयमा नै पहिचान, उपचार तथा प्रेषण गर्न र आमाहरुको स्वास्थ्य संस्थामा उच्च सहभागीताको सुनिश्चित गर्दै आमा तथा बालबालिकाहरुको शारिरिक, मानसिक र वौद्धिक बिकासमा सुधार ल्याउन र सशक्तिकरण गर्न वान्छनीय भएकाले,

मोदी गाउँपालिकाले प्रशासकीय कार्यविधि ऐन,२०७५ दफा ४ को अधिकार प्रयोग गरि "बच्चा जोखौः नुन बोकौ" कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०८२ बनाई लागु गरेको छ ।

**<u>१.संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम "बच्चा जोखौःनुन बोकौ कार्यक्रम संचालन कार्यविधि २०८२" रहेको छ ।

(२) प्रारम्भः यो कार्यविधि मोदी गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखी लागू हुनेछ ।

**<u>२.परिभाषा र व्याख्याः</u>**(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "स्वास्थ्य उप-शाखा" भन्नाले मोदी गाउँपालिकाको स्वास्थ्य उप-शाखालाई सम्झनु पर्छ ।

(ख) "कुपोषण" भन्नाले शरिरलाई आबश्यक पोषण तत्व पर्याप्त वा सन्तुलित मात्रामा नपाउँदा हुने अबस्थालाई सम्झनु पर्छ ।

(ग) "तौल" भन्नाले शरिरको भारिपन जनाउने परिमाणलाई सम्झनु पर्छ ।

(घ) "आयोडिन युक्त नुन" भन्नाले मानब शरिरलाई आबश्यक सूक्ष्म तत्व मिसाइएको नुनलाई सम्झनु पर्छ ।

(ङ) "जन्मेदेखी २ बर्ष सम्मका बालबालिका भन्नाले" जन्मेदेखी २४ महिनाका बालबालिकाहरु सम्झनु पर्छ ।

(च) "अभिभाबक" भन्नाले जन्मेदेखि २४ महिनाका बालबालिकाहरुका आमा बुबा तथा संरक्षक लाइ सम्झनु पर्छ ।

(छ) "गाउँपालिका" भन्नाले मोदी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ज) "गाउँ कार्यपालिका" भन्नाले मोदी गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(झ) "स्वास्थ्य चौकी" भन्नाले मोदी गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्था (सामुदायिक स्वास्थ्य इकाई बाहेक) लाई सम्झनु पर्छ ।

(ञ) "स्वास्थ्यकर्मि" भन्नाले स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मिहरुलाइ सम्झनु पर्छ ।

**<u>३.उदेश्यः (</u>**१) यस कार्यविधिको उदेश्य देहाय बमोजिम हुनेछ ।

(क) जन्मे देखी २ बर्ष सम्मका उमेर समुहका बालबालिकाहरुको तौल नियमित (मासिक) रुपमा मापन गरि पोषण अबस्थाको निगरानी गर्न,

(ख) सुत्केरी आमा तथा अभिभावकहरुलाइ पोषण सेवाको जानकारी गराई स्वास्थ्य संस्थाबाट पोषण सेवा लिन अभिप्रेरित गर्न,

(ग) तोकिएको उमेर भित्रका बालबालिकाहरुको तौल अनुगमन पटकमा बृद्धी गर्न,

(घ) कुपोषित बच्चाहरको समयमा नै पहिचान, उपचार तथा प्रेषण गर्न,

(ङ) आमाहरुको स्वास्थ्य संस्थामा उच्च सहभागीताको सुनिश्चित गर्दै आमा तथा बालबालिकाहरुको शारिरिक, मानसिक र बौद्धिक बिकासमा सुधार ल्याउन,

(च) पोषण सेवामा समुदाय र स्थानिय स्वास्थ्य संस्था बिच सहकार्य बढाउन,

(छ) लक्षित समुदायलाई सेवा लिन अभिप्रेरित गर्न र स्थानीय सरकारले जिम्मेवारी तथा अपनत्व वहन गरेको अनुभुति दिलाउन,

(ज) स्थानिय स्वास्थ्य सेवाको उपयोगितामा वृद्धी गर्दै पोषण मैत्री स्थानीय तह निर्माण गर्न,

**४. बालबलिकाहरुको तौल मापन गरे बापत नुनको प्याकेट (पोका) बितरण गर्न सकिनेः (**१) देहायको ठाउँ तथा उमेर समुहका बालबालिकाहरुलाइ नुनको पोका बितरण गरिने छ ।

(क) आ.ब २०८२।०८३ को श्रावण १ गते देखी मोदी गाउँपालिका भित्र रहेका वा अन्य स्थानीय तह बाट तोकिएको उमेर समुह भित्रका बालबालिकाहरुको तौल अनुगमन गर्न आउनेको हकमा मात्र यो कार्यबिधि लागु हुनेछ ।

**५. नुनको प्याकेट (पोका) पाउने आधारहरुः** (१) देहायको आधारहरु पुरा गरेमा नुनको पोका बितरण गरिने छ ।

(क) मोदी गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकीहरुले निर्धारण गरेको स्थानहरुमा अभिभाबकहरुले आफ्ना तोकिएको उमेर समुह भित्रका बालबालिकाहरु लाई स्वास्थ्य कर्मिको निगरानिमा तौल अनुगमन गराएको हुन पर्ने ।

**६. आबश्यक कागजातहरुः(**१) देहाय बमोजिमका कागजात मध्य कुनै एक मात्र उपलब्ध भएमा नुनको पोका बितरण गर्न सकिनेछ ।

(क) अस्पताल वा स्वास्थ्य संस्थाबाट प्रदान गरिने जन्म प्रमाण पत्र ।

(ख) वडा कार्यलय बाट जारी गरिएको जन्म दर्ता प्रमाण पत्र ।

**७.नुनको प्याकेट (पोका) प्रदान गर्ने प्रक्रियाः(**१) देहाय बमोजिमका प्रक्रियामा सहभागी भएमा नुनको प्याकेट (पोका) बितरण गर्न सकिने छ ।

(क) मोदी गाउँपालिका भित्र वा अन्य स्थानिय तहहरुबाट तोकिएको उमेर समुह भित्रका तौल अनुगमन गर्न आउने बालबालिकाहरको अभिभाबक लाइ प्रत्येक पटक (प्रति महिना) तौल अनुगमन गरे बापत १ प्याकेट (१ किलो ग्राम को आयोडिन युक्त नुनको पोका) उपलब्ध गराइने छ । यसरी उपलब्ध गराइने नुनको प्याकेट सम्बन्धित स्वास्थ्य संस्थाको स्वास्थ्यकर्मिले बितरण गर्न सक्नेछन

र सम्बन्धित स्वास्थ्य संस्थाहरुले नुनको प्याकेट प्रदान गरी अनुसुची -१ को ढाचामा भरपाइ तथा अभिलेख राख्नु पर्नेछ ।

**<u>६.बिबिध</u>**

(क) **<u>बाधा अड्काउ फुकाउन सक्नेः</u>** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अड्काउ आइपरेमा गाउँ कार्यपालिकाले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

(ख) **<u>कार्यविधिको संशोधन तथा परिमार्जनः</u>** कार्यपालिकाको बैठकले यस कार्यविधिमा आबश्यक अनुसार संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

(ग) **<u>अनुसुचिमा हेरफेर तथा थपघटः</u>** गाउँ कार्यपालिकाले अनुसुचिमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

(घ) **<u>कारवाहीः</u>** यस कार्यिबिधि विपरित तोकिएको उमेर समुह भन्दा बाहिरको उमेर समुहको हकमा कार्यान्वयन गर्न गराउन पाइने छैन ।

**आज्ञाले**

**बाबुराम पुरी**

**प्रमुख प्रशासकीय अधिकृत**

## अनुसुची-१

"बच्चा जोखौः नुन बोकौ" कार्यक्रम अन्तर्गत तौल अनुगमन गरि नुनको प्याकेट (१ कि.ग्रा आयोडिनयुक्त नुनको पोका) प्रदान गरिएको भरपाइ ।

स्वास्थ्य संस्थाः मितिः

| क्र.स | बच्चाको नाम थर | अभिभावक को नाम थर | ठेगाना | सम्पर्क नं | बच्चा जोखेको महिना/बच्चाको तौल/ प्रति महिना १ पोका आयोडिनयुक्त नुन बुझेको अभिभावकको हस्ताक्षर | | | | | | | | | | | | जम्मा नुन खर्च (प्याकेट) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | श्रावण | भदौ | असोज | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुन | चैत्र | बैशाक | जेठ | असार | | |
| | | | | | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | | |
| | | | | | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | | |
| | | | | | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | | |
| | | | | | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | | |
| | | | | | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | | |
| | | | | | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | | |
| | | | | | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | | |
| | | | | | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | तौलः<br>हस्ताक्षरः | | |

**सम्बन्धित स्वास्थ्य चौकीको छापः** **संस्था प्रमुखको दस्तखतः**